# बीमा कार्यक्रम : स्वरोजगार कोषको मुख्य आकर्षण



अनिल राज पौडेल
कार्यकारी उपाध्यक्ष,
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

**युवा तथा साना व्यवसायी स्वरोजगार कोषको संक्षिप्त परिचय**

देशमा विद्यमान बेरोजगारी समस्याको समाधानका लागि युवाका श्रम र सीपलाई सदुपयोग गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्ने उद्देश्यले वि.सं. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष स्थापना भएको हो । पूँजीको अभावमा आफ्नो सीप, ज्ञान र प्रतिभा उपयोग गर्न नपाएका १८ वर्षदेखि ६० वर्ष उमेरका युवा तथा साना व्यवसायीहरूलाई कोषले बैंक, बित्तीय संस्था र सहकारी संस्थाहरू मार्फत विनाधितो सुलभ कर्जा उपलब्ध गराउँदै आएको छ । कोषले सञ्चालन गर्ने कार्यक्रमहरू लक्षित समुदायहरूका लागि हुनुपर्ने कानूनी प्रावधान रहेको छ । कोषले लक्षित समुदायका युवा तथा साना व्यवसायी, परम्परागत पेशा र सीप भएका व्यक्ति र समूह, नेपाल सरकारले पहिचान गरेका गरिव घरपरिवार, महिला र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई सहुलियत ब्याजदरमा कर्जा लगानी गर्ने, व्यवसाय (परियोजना) र व्यवसायीहरूको निःशुल्क बीमा गर्ने, नियमितरूपमा रकम तिरेका व्यवसायीहरूलाई तिरेको ब्याजको ६० प्रतिशत ब्याज अनुदान दिने र सीपमूलक तथा क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने जस्ता कार्यहरू गर्दै आएको छ ।

देशभर कार्यक्षेत्र रहेको कोषको लगानी पाँचसयभन्दा बढी स्थानीय तहमा पुगिसकेको छ । कोषबाट सुलभ कर्जा प्रवाह गर्ने क्रममा युवा, महिला, आदिबासी, जनजाति, पिछडिएका वर्ग र सुकुम्बासीहरूको नेतृत्व भएका सहकारी संस्थाहरूलाई प्राथमिकतामा राखेर थोक कर्जा प्रवाह गर्ने र ती संस्थाहरूले बेरोजगार उद्यमी छनौट गर्दा समेत लक्षित वर्गलाई प्राथमिकतामा राखेर लगानी गर्ने प्रावधान निर्धारण गरिएको छ । उद्यमी बन्नको लागि थोरै रकम समेत जुटाउन नसक्ने, धितो नभएको कारण बैंक तथा वित्तीय संस्थाबाट कर्जा नपाउने र व्यापार व्यवसायको सुरुवात गर्न व्यक्तिगत रूपमा चक्रवर्ती ब्याज (मिटर ब्याज) मा कर्जा लिन बाध्य हुने युवालाई विनाधितो सुलभ कर्जा प्रदान, व्यवसाय र व्यवसायीको निःशुल्क बीमा, व्यवसायिक तालिम र नियमित रकम तिर्ने उद्यमीलाई ब्याज अनुदान कोषका सुन्दर पक्ष हुन् ।

**कोषको समग्र अवस्था**

नेपाल राष्ट्र बैंक मार्फत बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त रु. ३ अर्ब ८६ करोड ऋण रकमलाई रिभल्विङ फण्डको रूपमा प्रयोग गरेर कोषले विभिन्न ४३ वटा बैंक तथा वित्तीय संस्था र २,९०२ वटा सहकारी संस्थाहरूमा रु. १४ अर्ब ४५ करोड सुलभ ऋण लगानी गरिसकेको छ । कोषका कार्यक्रमबाट हालसम्म १ लाख १० हजारभन्दा बढी युवा स्वरोजगार भएका छन् । साथै, करिब १ लाख मौसमी रोजगारी सिर्जना भएको छ । कोषले बीमा कम्पनीहरूबाट हालसम्म १,४३६ जना बीमितलाई करिब रु. १० करोड बराबरको बीमा दाबी क्षतिपूर्ति सेटलमेन्ट गरिसकेको छ । नियमित साँवा ब्याज बुझाउने १६,२३२ व्यवसायीहरूलाई रु. १८ करोड १ लाख वितरण गरिएको छ । यसैगरी, १ लाख जनाभन्दा बढीलाई सीपमूलक अनुशिक्षण र अभिमूखीकरण तालिम प्रदान गरिसकेको छ ।

**कोषमा बीमा कार्यक्रमको सुरुवात**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम १३ को आधारमा मिति २०६६/०१/२८ मा युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रम अन्तर्गत प्रवाह गरिने ऋणको संरक्षणको लागि बीमा गर्दा अपनाउने कार्यविधि सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालय र तत्कालीन राष्ट्रिय बीमा संस्थान (नेतृत्व बीमकहरूबाट) बीच दुईपक्षीय सम्झौता भएको थियो । सोही सम्झौता बमोजिम कोषबाट विभिन्न बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट प्रवाह भएको स्वरोजगार कर्जा लिएका व्यवसायीहरूको जीवन तथा परियोजनाहरूको बीमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडबाट गर्ने गरिएको छ । सम्झौताको समयमा देशमा सञ्चालनमा रहेका विभिन्न २४ वटा बीमा कम्पनीमध्ये २३ वटा बीमा कम्पनीका प्रतिनिधिहरू उपस्थित भई सबै संस्थाहरूको रोहवरमा हस्ताक्षरकर्ता सम्पूर्ण बीमा कम्पनीहरूको उत्तरदायित्व बहन हुने गरी (Pool-Based System) सुलभ प्रिमियम दरमा लिखित सम्झौता भएको थियो । तत्कालिन समयमा बीमा गर्ने गराउने कामकाज नेपाल सरकार मातहतमा रहेको राष्ट्रिय बीमा संस्थान मार्फत भएको थियो । बीमा ऐनमा संशोधन भएपछि राष्ट्रिय बीमा संस्थानले जीवन बीमाको काम गर्ने र राष्ट्रिय बीमा

कम्पनीले निर्जीवन बीमाको काम गर्ने गरी भिन्न भएकाले स्वरोजगार बीमा गराउने जिम्मा राष्ट्रिय बीमा कम्पनीमा रहेको छ । सम्झौताको प्रारम्भिक समयमा लिखित बीमा प्रस्ताव फारम भरी बीमा गराउने व्यवस्था थियो । तर, सो प्रक्रिया झन्झटिलो भएकाले हाल Online Software निर्माण गरी हरेक संस्थाहरूको छुट्टाछुट्टै Username tyf Password का आधारमा बीमा गराउने व्यवस्था गरिएको छ । तदनुरूप स्वरोजगार कर्जा लिएका उद्यमी व्यवसायीहरूको प्रस्ताव फारम भर्न तथा व्यवसायीहरूको क्षति भएको आधिकारिक विवरण अनुसार दाबी फछ्र्यौट गर्न समन्वय गर्ने गराउने कार्य तथा संस्थानलाई प्रिमियम वापत लाग्ने खर्च सम्झौता बमोजिम अग्रिम पेश्कीस्वरूप निकासाको लागि प्रक्रिया मिलाउने कार्य यस कोषको बीमा शाखाबाट हुँदै आएको छ । संस्थाले स्वरोजगार कर्जा लगानी गरेका व्यवसायीहरूको बीमा नगराएको खण्डमा थप किस्ता निकासा गर्न कोष बाध्य हुनेछैन भन्ने प्रावधान समेत रहेको छ ।

**स्वरोजगार बीमाको उद्देश्य**

स्वरोजगार बीमाको मुख्य उद्देश्य कर्जा लिने व्यक्तिको मृत्यु भएमा वा स्थायी अङ्गभङ्ग भई अशक्त भएमा ऋणको भार निजको परिवारलाई नपरोस्, कुनै व्यवसायीको सम्पत्ति/व्यवसायमा हानि/नोक्सानी भएमा बीमाबाट क्षतिपूर्ति प्राप्त गरी व्यवसायलाई निरन्तरता दिन सकियोस् र सम्भावित दुर्घटना/घटनाबाट व्यक्तिको मृत्यु भएमा वा स्थायी रूपमा अपाङ्ग भएमा तथा परियोजनामा नोक्सानी भएको अवस्थामा पनि कोषको लगानी रकम र ब्याज समेत सुरक्षण गर्न सकियोस् भन्ने रहेको छ । कोषको बीमा कार्यक्रमलाई प्रभावकारी बनाउने र नीतिगत तहमा आइपर्ने समस्या समाधान गर्ने उद्देश्यले कोष सञ्चालक समितिको पदेन सदस्यमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष रहने व्यवस्था रहेको छ । नेपाल बीमा प्राधिकरण बीमा व्यवसायलाई व्यवस्थित, प्रतिस्पर्धी, नियमित तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन र बीमा व्यवसायको प्रभावकारी नियमन गरी बीमितको हकहित संरक्षण गर्न रणनीतिक योजनाका साथ क्रियाशील रहँदै आएको छ । राष्ट्रिय बीमा नीति, २०८० अनुरूप बीमा क्षेत्रमा संस्थागत सुशासन कायम गर्ने, बीमा सेवाको गुणस्तर अभिवृद्धि गरी आधुनिक तथा दिगो बीमा प्रणालीको विकास गर्ने, जीवन, सम्पत्ती तथा दायित्वको जोखिम न्यूनीकरण गर्दै सबल अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने र बीमितको हकहित संरक्षण गर्ने नीति लिइएको छ ।

**बीमा कार्यविधिमा भएका महत्त्वपूर्ण व्यवस्थाहरू**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट प्रवाह गरिने सेवाहरूमध्ये बीमा एक महत्त्वपूर्ण कार्यक्रम हो । व्यवसायी र व्यवसायको निःशुल्क बीमा गरिदिने व्यवस्थाले युवा व्यवसायीहरू कोषबाट सुलभ ऋण प्राप्तिका लागि लालायित देखिएका छन् । स्वरोजगार बन्न ऋण लिने युवालाई मृत्यु, अङ्गभङ्ग वा व्यवसायमा हानी नोक्सानी हुँदा ऋणको भार नपरोस्, उद्यमीले व्यवसायलाई निरन्तरता दिन सकून् र कोषको लगानी रकम पनि सुरक्षित गर्न सकियोस् भन्ने

उद्देश्य राखेर बीमा कार्यविधि बनाइएको छ । संस्थाले कर्जा लगानी गरिसकेपछि तत्काल व्यवसायी र व्यवसायको बीमा गराउनु पर्दछ । संस्थाले बीमा फारम भरेको राष्ट्रिय बीमा कम्पनीबाट रूजु भए नभएको तथा Policy Issue भए नभएको वेभसाइटबाट हरबखत हेर्न सक्ने व्यवस्था गरिएको छ । बीमित ऋणीको मृत्यु वा दुर्घटनाको कारणबाट अशक्त वा अपाङ्ग भएको हकमा बीमा प्रस्ताव फारम भरी पेश गरेकै मितिबाट बीमालेख सरह लागू हुने र सम्पत्ति, पशु, पन्छी, माछा, बाली आदिको हकमा बीमा प्रस्ताव फारम भरी पेश गरेको तीन दिनपछि बीमालेख सरह मान्य हुने व्यवस्था छ ।

मिति २०६६/०१/२८ मा अर्थ मन्त्रालय तथा बीमा कम्पनीहरूको तर्फबाट राष्ट्रिय बीमा संस्थानको दुई पक्षीय सम्झौताको शीर्षक (ख)१ बमोजिम "एक वर्षको अनुमानित बीमाशुल्कको कम्तीमा ५० प्रतिशत रकम बीमा संस्थानलाई आंशिक अग्रिम भुक्तानीको रूपमा उपलब्ध गराउनु पर्नेछ ।" भन्ने बुँदाको आधारमा बीमा कम्पनीलाई बीमा शाखाको सिफारिसमा कोषले हालसम्म अग्रिम भुक्तानी गर्दै आएको छ । बीमा कम्पनीलाई बीमा प्रिमियमका रूपमा बैंक, वित्तीय संस्था तथा सहकारी संस्था र अन्य प्रतिष्ठानले ऋण लगानी गरेको रकमको तोकिए अनुसारको दररेट बमोजिम जीवन बीमा तथा परियोजना बीमा समेतको बीमाशुल्क युवा तथा साना व्यवसायी स्वरोजगार कोषले भुक्तानी गर्दछ । बीमकले बीमितलाई कुनै कारणबाट स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदान भएको ऋण सुविधाबाट सञ्चालित परियोजना अन्तर्गत र सम्बन्धित बीमालेखमा उल्लेख भएको सम्पत्ति/व्यवसायको क्षति/हानी–नोक्सानी भएमा बीमाङ्क रकमको बढीमा १०० प्रतिशत रकम क्षतिपूर्ति सम्बन्धित पक्षलाई भुक्तानी गर्ने व्यवस्था छ ।

स्वरोजगार कर्जा लिई परियोजना सञ्चालन गरिरहेका कर्जाग्राहीको भाखाभित्र मृत्यु भएमा वा स्थायीरूपमा अपाङ्ग भएमा तथा भवितव्य परी परियोजनामा नोक्सान भएमा बीमा कम्पनी मार्फत नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था छ । कुनै पनि घटना भएको अवस्थामा व्यवसायी/ऋणी संस्थाले नियमानुसार बीमा कम्पनीलाई लिखितरूपमा जानकारी गराई यस कार्यविधिको बुँदा नं. ८ अनुसारका कागजातहरू पेश गर्नु पर्दछ । कर्जा लगानी गर्ने संस्थाले ऋणीलाई कर्जा उपलब्ध गराएका बखत ऋणीको बीमा गराई बीमा कम्पनीबाट बीमालेख लिनु पर्नेछ, अन्यथा बीमा कम्पनीले क्षतिको क्षतिपूर्ति उपलब्ध गराउने छैनन् । बीमा दाबीको क्षतिपूर्ति उपलब्ध गराउनु अगाडि स्वरोजगार कोष तथा राष्ट्रिय बीमा कम्पनी लि. ले क्षति भएको स्थानमा पुगी क्षतिको अनुगमन गर्न सक्नेछन् । बीमा कम्पनीले बीमा दाबी क्षतिपूर्ति वापतको चेक जारी गर्दा व्यवसायीलाई कर्जा लगानी गर्ने संस्था अथवा स्वरोजगार कोषको नाउँमा चेक जारी गर्नुपर्नेछ । बीमित ऋणीको मृत्यु भएमा ३० दिनभित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ । बीमा दाबीको लागि ९० दिनभित्र अनिवार्यरूपमा तोकिएका कागजातहरू संलग्न गरी दाबी गरिसक्नु पर्नेछ । बीमित ऋणी दुर्घटनाबाट शारीरिक चोटपटक लागि स्थायीरूपले अशक्त वा अपाङ्ग भई आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको खण्डमा ऋणीले दुर्घटना भएको ९० दिनभित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ । बीमा दाबीको लागि बीमितले दुर्घटना भएको १८० दिनभित्र तोकिएका

कागजातहरू संलग्न गरी बीमकलाई दाबी पठाउनु पर्नेछ । बीमित सम्पत्ति/व्यवसायको क्षति/हानी नोक्सानी भएमा त्यसको सूचना ३ दिनदेखि ७ दिनभित्र बीमकलाई लिखितरूपमा निवेदन फ्याक्स वा इमेलबाट दिनु पर्दछ । तर, पशु–पन्छी, माछा र बालीको हकमा तीन दिनभित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ । बीमितले ३० दिनभित्र अनिवार्यरूपमा तोकिएका कागजातहरू संलग्न गरी दाबी गरिसक्नुपर्नेछ । बीमितले सो बीमालेख अन्तर्गत कुनै दुर्घटना वा हानी नोक्सानी भएमा सोको सूचना लिखितरूपमा अबिलम्ब तोके बमोजिमको समयमा बीमकलाई दिनु पर्छ । पशुपन्छी धनलाई तन्दुरुस्त राख्नको लागि बीमितले समय समयमा प्राविधिकबाट पशुपन्छीको स्वास्थ जाँच गराउनु पर्छ । बीमित पशुधनलाई लगाई राखिएको बीमाको सङ्केत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) झरेमा वा हराएमा बीमितले अनिवार्यरूपमा तत्काल बीमक वा सम्बन्धित संस्था वा स्वरोजगार कोषको जिल्लास्थित समन्वय समितिलाई जानकारी गराउनु पर्दछ । यी अनिवार्यरूपमा अवलम्बन गनुपर्ने शर्तहरू हुन् । बीमालेखमा उल्लेख भए बाहेकका अन्य बन्देज र शर्त तथा सुविधाहरू नेपाल बीमा प्राधिकरणले जारी गरेको पशुधन निर्देशिकामा उल्लेख भए अनुसार हुनेछन् । यसैगरी, बीमालेख अन्तर्गत कुनै किसिमको विवाद उत्पन्न भएमा सोको निराकरणको लागि प्रचलित बीमा ऐन, नियम तथा निर्देशिकामा उल्लेख भए अनुसार विवाद समाधान गरिने छ । बीमित पशुपन्छी धनको सम्बन्धमा सत्य तथ्य कुरा लुकाई छिपाई झुट्टा विवरण दिएको पाइएमा बीमालेख स्वतः रद्द हुनेछ । कृषिबाली, तरकारी तथा फलफूल खेतीमा कुनै रोग/कीरा वा दुवै लागेमा कृषिबाली, तरकारी तथा फलफूल खेती धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख गराउनु पर्ने व्यवस्था रहेको छ ।

**कोषको बीमा कार्यक्रममा देखिएका समस्याहरूको समाधान प्रयास**

बीमामा आकर्षण बढाउनका लागि बीमा गर्ने कामदेखि बीमा दाबी भुक्तानी प्रक्रियासम्मलाई झन्झटमुक्त बनाउनु पर्दछ । मिति २०६६/०१/२८ मा कोष र तत्कालिन बीमा संस्थानसँग भएको दुई पक्षीय बीमा सम्झौता, कोषको बीमा कार्यविधि र बीमा कम्पनीले निर्माण गरेको Online Software मा समयसापेक्ष सुधार गर्न आवश्यक देखिएको छ । त्यसलाई ध्यानमा राखी युवा तथा साना व्यवसायी स्वरोजगार कोषले बीमा कार्यविधि र बीमा सम्झौता समयसापेक्ष हुनेगरी संशोधन गर्न आवश्यकदेखि प्रक्रिया अगाडि बढाएको छ । कोषको लगानी असूली कार्यविधि अनुसार ऋणीलाई अधिकतम रु. ५ लाख दिनसक्ने व्यवस्था भए तापनि अधिकतम रु. २ लाख मात्र ऋण दिंदै आएकोमा कोषले समयसापेक्ष हुने गरी आवश्यकताको आधारमा रु. ५ लाखसम्म ऋण दिन सकिने व्यवस्था गरेको छ । सो व्यवस्था बमोजिम बीमा कम्पनीसँग भएको रु. २ लाखसम्मको बीमा सम्झौताको सीमालाई पनि बढाएर रु. ५ लाख पुऱ्याउन सम्झौतामा संशोधन हुनु आवश्यक छ । कोषले आ.व. ०८२/८३ को चैत्र मसान्तसम्म ८२,३७७ जना ऋणी व्यवसायीहरूको बीमा गराएको छ र भविष्यमा बीमितको सङ्ख्या उल्लेख्य बढ्न जाने देखिएको छ । तसर्थ, हाल देखिएका अप्ठ्याराहरू हल गर्न बीमा सेवा प्रदायक र कोष दुवैले पहलकदमी गर्न अति जरुरी देखिन्छ । ०००